# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं, कार्तिक ३० गते २०१८ साल [ अतिरिक्ताङ्क २६

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१८ सालको एन नं. २१

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मान्नोनत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम्।

### सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वोच्च अदालत ऐन, २०१३ (समय समयमा भएका संशोधनहरूसहित) (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छः––



६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम सर्वोच्च अदालत (छैठौं संशोधन) ऐन, २०१८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ३ मा संशोधनः–मूल ऐनको दफा ३ को सट्टा देहाय बमोजिमको दफा ३ राखिएको छः–

३. सर्वोच्च अदालतको स्थापना र गठनः– (१) नेपाल अधिराज्यको एक सर्वोच्च अदालत हुनछ, जसमा एक जना प्रधान न्यायाधीश र अरू छ जना स्थायी न्यायाधीशहरू रहने छन् ।

(२) प्रधान न्यायाधीशको नियुक्ति श्री ५ महाराजाधिराजबाट उपयुक्त सम्झ बक्सेको सर्वोच्च अदालतको न्यायाधीशको राय बुझिबक्सी मौसूफको स्वविवेकमा लालमोहरद्वारा गरिबक्सिने छ सर्वोच्च अदालतको अन्य न्यायाधीशहरूको नियुक्ति श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशसंग परामर्श गरी र उपयुक्त सम्झि-बक्सेको सर्वोच्च अदालतका अन्य न्यायाधीशको रायसमेत बुझिबक्सी मौसूफको स्वविवेकमा लालमोहरद्वारा गरिबक्सिने छ ।

(३) उपदफा (४) को अधीनमा रही, प्रधान न्यायाधीश बाहेक अन्य प्रत्येक स्थायी न्यायाधीश ६३ वर्षको उमेर पूरा नभएसम्म र अतिरिक्त न्यायाधीश नियुक्ति-को अवधिसम्म आपनो पदमा बहाल रहने छन् र प्रधान न्यायाधीश नियुक्ति भएका मितिले ५ वर्ष पूरा भएको मिति र ६३ वर्ष उमेर पूरा भएको मिति जुन अघि हुन्छ सो मितिसम्म आपनो पदमा बहाल रहने छन् ।

(४) प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीशले–

(क) श्री ५ महाराजाधिराजका हजूरमा आपनो हस्ताक्षरको समावेदन पेश गरी आपनो पदबाट राजीनामा गर्न सक्ने छ ।

(ख) खराब आचरण वा अयोग्यताले गर्दा आपनो पदको कर्तव्य पालन गर्न असमर्थ छ भन्ने कुरा श्री ५ महाराजाधिराजबाट नियुक्त गरिबक्सेको आयोगले ठहर रिपोर्ट पेश गरेमा श्री ५ महाराजा-धिराजबाट मौसूफको स्वविवेकले निजलाई पदबाट हटाउन सकिबक्सिने छ ।

तर आरोप लागेका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीश-लाई आयोगमा आपनो सफाइको निमित्त पूरा मौका दिनबाट वञ्चित गरिने छैन ।

(५) उपदफा (४) को खण्ड (ख) अनुसार गठित आयोगलाई बयान लिने, साक्षी प्रमाण बुझ्ने तथा आपनो आयोगको अवहेलनाको लागि सजाय गर्नसमेत सबै किसिमको अधिकार हुनेछ ।

६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।